अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्रतिवादी**<br>रमेश प्रसाद यादव, समेत कूल ११ जना (रमेश प्रसाद यादव, खुर्सेद इक्राम, सोनु कुमार सोनी, तीर्थमाया खत्वे, दुर्गानन्द यादव, विरेन्द्र कुमार यादव, भोगानन्द महतमान यादव, रमानन्द चौधरी, शिवनाथ चौधरी, देव नारायण चौधरी र चन्द्री देवीलाई लाई आरोप दावीबाट) प्रतिवादीहरु भएको, विशेष अदालत काठमाडौंमा मुद्दा दर्ता मितिः २०८०/१०/१५<br>विशेष अदालत मुद्दा नं.: ०८०-CR-००९२<br>विशेष अदालत फैसला मितिः२०८१।०३।१८ | **आर.सि.सि. गेट निर्माण, अधुरो भवन निर्माण, रंगरोगन तथा व्यवस्थापन कार्यमा गैरकानुनी लाभ वा हानी पुर्याउने बदनियतले कार्य गरी भ्रष्टाचार गरेको।** | प्रस्तुत मुद्दामा देहाय बमोजिमका राष्ट्रसेवकहरु समेत उपर सजायको मागदाबी लिइएको तथा सोको सम्बन्धमा सम्मानित बिशेष अदालतबाट निम्नानुसारको फैसला भएको अवस्था विद्यमान छः<br>क.प्रतिवादीहरु तिरहुत गाउँपालिका, सप्तरीका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादव र इन्जिनियर खुर्सेद इक्रामको हकमाः निज प्रतिवादी द्धयलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) तथा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) तथा दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिईएको छ। साथै प्रतिवादीहरुबाट रु.११,१९,९४९।३३ (अक्षरेपि एघार लाख उन्नाइस हजार नौ सय उनन्पचास रुपैया तेत्तीस पैसा) बिगो असुल उपर हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>ख. प्रतिवादी तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सप्तरीका लेखा प्रमुख सोनु कुमार सोनीको हकमाः निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र विगो वमोजिम जरिवाना गरी बिगो रकम रु.७,३५,२८०।८९ (अक्षरेपि सात लाख पैतीस हजार दुई सय असी रुपैयाँ पैसा उनानब्बे) असुल उपर हुन मागदाबी लिइ आरोप पत्र दायर भएको | <u>फैसलाः</u><br>प्रस्तुत मुद्दामा कूल ११ जना प्रतिवादीहरु सबैजनाले आरोपित कसूरबाट सफाई पाउने ठहरी फैसला भएको अवस्था छ ।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u>**<br>(क) टहरा र प्रवेशद्वारमा भएको कामको सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नापजाँच गरेको भन्ने देखिएन.<br>(ख) स्थलगत नापजाँच गर्दाको विवादको भवनमा Electrical work, Water supply र sanitary fitting work भए/नभएको र भएको भए के कस्तो रहेको भन्ने उल्लेख गर्नुपर्ने हुन्छ। फिल्डमा नभएको के-के कार्यहरु गरिएको भन्ने उल्लेख गरी भुक्तानी दिएको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पेश गरेको प्रतिवेदनमा स्पष्ट उल्लेख गर्न सकेको देखिदैन।<br>(ग) बिल बमोजिमका सामानहरु प्रयोग नभएको भन्न नसकेको अवस्थामा केवल सम्झौता मिति भन्दा अगाडीको मितिको बिल पेश गरेको भन्ने आधारमा झुट्टा बिल पेश गरी भुक्तानी दिए/लिएको मान्न मिल्ने देखिएन। | **क.** जिल्ला सप्तरी, तिरहुत गाउँपालिका वडा नं. ५ स्थित पर्यटन क्षेत्रमा आर.सि.सि. गेट निर्माण, अधुरो भवन निर्माण रंगरोगन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नको लागि आ.व. २०७५/०७६ को रु..३९,२०,५७३.२०।-लागत अनुमानमा मिति २०७६।०२।३० र २०७६।०३।२५ मा कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिका अध्यक्ष शिवनाथ चौधरी, उपभोक्ता समितिका कोषाध्यक्ष चन्द्री देवी, उपभोक्ता समितिका सचिव देव नारायण चौधरी र प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादव मिति २०७५।१२।२१ मा सम्झौता भएको देखिन्छ।तिरहुत गाउँ कार्यपालिका, सप्तरीका तत्कालिन उपाध्यक्ष तीर्थमाया खत्वे संयोजक, इन्जिनियर खुर्सेद इक्राम सदस्य, भोगानन्द महतमान यादव सदस्य, योजना शाखाका दुर्गानन्द यादव सदस्य, प्रशासन शाखाका विरेन्द्र कुमार यादव सदस्य र रमानन्द चौधरी सदस्य रहेको अनुगमन समितिले आ.व. २०७५।०७६ मा संचालन भएको उक्त योजनाको मिति २०७६।०३।२२ गते अनुगमन गरी प्रतिवेदन दिएको देखिन्छ। उक्त योजनाको पहिलो रनिङ बिल भुक्तानीको लागि मिति २०७६।०२।३० गते, दोस्रो रनिङ बिल भुक्तानीको लागि मिति २०७६।०३।२५ गते र अपुग रकम भुक्तानीको लागि मिति २०७६।०३।२६ गतेको टिप्पणी र आदेशहरूमा ऐ. गाउँपालिकाको ईन्जिनियर खुर्सेद इक्राम र ऐ. गाउँपालिकाको लेखा प्रमुख सोनु कुमार सोनीले सहीछाप गरी भुक्तानीको लागि निर्णयार्थ पेस गरेको तथा तत्कालिन प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादवले सदर गरेको देखिन्छ।उक्त योजनामा उपभोक्ता समितिले पहिलो रनिङ बिल, दोस्रो रनिङ बिल र अपुग रकम भुक्तानी मार्फत रु.३९,२०,५७३.२०।-(अक्षरेपि उनन्चालिस लाख बीस हजार पाँच सय त्रिहत्तर रुपैया बीस पैसा) अन्तिम भुक्तानी माग गरेकोमा उक्त मुल्याङ्कनमा कन्टिन्जेन्सी कट्टी, सा.सु. कर कट्टी, अग्रिम आय कर कट्टी, बहाल कर कट्टी, जनश्रमदान कट्टी गरी गोश्वारा भौचर न. ०१ बाट मिति २०७६।०३।०१ गते, गो.भौ. न. १३५ बाट मिति २०७६।०३।२९ गते र गो.भौ. न. १६९ बाट मिति २०७६।०३।३० गते कर कट्टी गरी जम्मा रु.३३,४४,९८६।-(अक्षरेपि तेत्तीस लाख चवालिस हजार नौ सय छयासी रुपैया) भुक्तानी गरेको देखिएको प्रस्तुत मुद्दामा तिरहुत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखिन्छ।<br>ग. प्रतिवादीहरु तिरहुत गाउँपालिका, सप्तरीका तत्कालिन उपाध्यक्ष तथा योजना अनुगमन समितिको संयोजक तीर्थमाया खत्वे, योजना अनुगमन समितिको सदस्यहरु दुर्गानन्द यादव, विरेन्द्र कुमार यादव, भोगनन्द महत्मान यादव र रमानन्द चौधरीको हकमाः निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>**विशेष अदालतको फैसलाः**<br>प्रतिवादीहरु रमेश प्रसाद यादव, खुर्सेद इक्राम, सोनु कुमार सोनी, तीर्थमाया खत्वे, दुर्गानन्द यादव, विरेन्द्र कुमार यादव, भोगानन्द महत्मान यादव, रमानन्द चौधरी, शिवनाथ चौधरी, देव नारायण चौधरी र चन्द्री देवीलाई आरोप दावीबाट सफाई हुने ठहर गरी फैसला भएको देखिन्छ । | | गाउँपालिका वडा नं. ५ स्थित पर्यटन क्षेत्र गेट निर्माण, अधुरो भवन निर्माण रंगरोगन तथा व्यवस्थापन सम्बन्धी कार्य अधुरो छाडेको तथा कुनै कामै नगरी रकम हिनामिना गरेको भन्नेसमेत बेहोराको उजुरी निवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परि अनुसन्धान प्रारम्भ भएको देखिन्छ।<br>**ख.** अनुसन्धानको क्रममा आयोगबाट खटिएको ईन्जिनियर रमेश अधिकारी समेतको टोलीले मिति २०७६ पुस १६ गते तयार पारेको तथ्यगत वस्तुस्थिति विवरण कागजको बेहोरामा तिरहुत गाउँपालिका वडा नं. ५ स्थित ठाकुरबाबा सामुदायिक वन तथा लोहजारा दह व्यवस्थापनको प्रवेशद्वारको दायाँ बायाँ गरी जम्मा १४.५० मिटर पर्खाल रहेको, गेटको अगाडी भागको माथिल्लो भाग तर्फ करिब २० ब.मि. मात्र टायल राखिएको पाइएको, सो गेट तथा गेटको बायाँ तर्फ रहेको भवनमा प्लास्टर, झ्याल ढोका, भऱ्याङको छाना, भुइँ पि.सि.सि. गरेको; सो योजनामा इलेक्ट्रिक र स्यानेटरी कार्यको लागि ७ लाख छुट्याएकोमा सोको खर्च ब्रेकडाउन नभएको भनी खुली आएको देखिन्छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट स्थलगत खटिएका इन्जिनियर सुवास राई समेतको टोलीले मिति २०७८ चैत्र २९ गते पेस गरेको प्रतिवेदनमा योजनास्थलमा गई नापजाँच/निरीक्षण गर्दा ठाकुर बाबा दहको प्रवेशद्वार तथा बाउन्ड्री वाल बनेको, अधुरो भवन निर्माण सम्बन्धमा प्लास्टर, रंगरोगन, झ्याल तथा ढोका निर्माणका कार्यहरु भएको, योजना अन्तर्गतको कार्यहरुको नापजाँच गर्दा Proceline Glazed Tiles कार्यको रु.४,३८,९८१।०९ (अक्षरेपि चार लाख अढतीस हजार नौ सय एकासी रुपैयाँ नौ पैसा) बढी भुक्तानी भएको र प्रवेशद्वारको PCC ढलानमा रु.५४,३१२।६५ (अक्षरेपि चौवन्न हजार तीन सय बाह्र रुपैयाँ पैसठ्ठी पैसा) कम भुक्तानी भएको हुँदा समग्रमा भए गरेको कार्य भन्दा रु.३,८४,६६८।४४ (अक्षरेपि तीन लाख चौरासी हजार छ सय अढसठ्ठी रुपैयाँ चौवालिस पैसा) बराबरको रकम कार्यालयबाट बढी मुल्यांकन गरी भुक्तानी भएको देखिन्छ। Provisional Sum (PS) इकाई कायम रहेको सि.नं.१७ र सि.नं.१८ मा उल्लेख भएको कार्य अन्तर्गत नभए नगरेको कार्यको भुक्तानी भएको रकम रु.५,३९,३८५।८९ तथा उपभोक्ता समितिले प्रथम रनिंग बिलको भुक्तानी लिंदा पेस गरेको सम्झौता भन्दा अगावै जारी भएको झुट्टा बिल बिजक बापतको रकम रु.१,९५,८९५।०० गरी जम्मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रु. ११,१९,९४९।३३(अक्षरेपि एघार लाख उन्नाइस हजार नौ सय उनन्पचास रुपैया तेत्तीस पैसा) बढी भुक्तानी भएको देखिएकोले प्रतिवादीहरु तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रमेश प्रसाद यादव, इन्जिनियर खुर्सेद इक्राम, लेखा प्रमुख सोनु कुमार सोनी, उपभोक्ता समितिको अध्यक्ष शिवनाथ चौधरी, सचिव देव नारायण चौधरी, कोषाध्यक्ष चन्द्री देवी, अनुगमन समितिका संयोजक तीर्थमाया खत्वे, अनुगमन समितिका सदस्यहरु भोगानन्द महत्मान यादव, दुर्गानन्द यादव, विरेन्द्र कुमार यादव, रमानन्द चौधरी समेतले मिलेमतो गरि पर्यटन क्षेत्रमा गेट निर्माण, अधुरो भवन निर्माण, रंगरोगन, सम्बर्धन तथा व्यवस्थापन योजनामा वास्तविक भए गरेको भन्दा बढी काम भएको भनी नापी किताव, अनुगमन प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई झुट्टा बिल भर्पाई पेश गरी गराई भुक्तानी नै गर्न नमिल्ने रकम रु.११,१९,९४९।३३(अक्षरेपि एघार लाख उन्नाइस हजार नौ सय उनन्पचास रुपैया तेत्तीस पैसा) राष्ट्रसेवकले आफू तथा उपभोक्ता समितिका पदाधिकारीहरूलाई गैरकानूनी लाभ पुऱ्याउने र गाउँपालिकालाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बदनियतले भुक्तानी गरेको पुष्टि भई रहेको अवस्थामा उक्त प्रमाणको विश्लेषण नगरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने ठहर गरि भएको फैसला त्रुटिपुर्ण हुदाँ बदरभागी छ।<br>**ग.** प्रमाण ऐन, २०३१ को दफा २० मा प्रचलित नेपाल कानून बमोजिम कुनै काम, घटना वा अवस्थाका सम्वन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरि कुनै खास ठाँउ वा कार्यालयमा पेस गर्नु पर्ने कानूनी कर्तब्य भएका ब्यक्तिले आफनो कर्तब्य पालनको शिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ। सोही ऐनको दफा १८ मा कुनै काम घटना वा अवस्थाका सम्वन्धमा भएको अनुसन्धान वा जाँचबुझको शिलशिलामा प्रचलित नेपाल कानुन बमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा ब्यक्त गर्ने ब्यक्ति साक्षीको रुपमा अदालतमा उपस्थित भइ बकपत्र गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा स्थलगत नापजाँच गरि प्राविधिक प्रतिवेदन गर्ने प्रतिवेदक इन्जिनियर सुवाश राई समेतले अदालतमा उपस्थित भई आफ्नो प्रतिवेदनलाइ सोधपुछ जिरह प्रक्रियाबाट पुष्टि हुने गरी बकपत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरेको देखिदा Cross Examination बाट पुष्टि भएको प्रमाणलाई ग्रहण नगरि प्रतिवादीहरुलाई सफाई दिन कै लागी आत्मगत तर्क गरि भएको फैसला नेपाल सरकार वि. वैद्यनाथ पण्डित भएको ने.का.प. २०६४ वैशाख, अंक १, नि.नं. ७८०९) मुद्दामा प्रतिपादित सिद्धान्त विपरीत रहेकोले बदरभागी छ।<br>प्रतिवादीहरु प्रमुख प्रशासकिय अधिकृत रमेश प्रसाद यादव, इञ्जिनियर खुर्सेद इक्राम, लेखा प्रमुख सोनु कुमार सोनी ,योजना अनुगमन समितिका संयोजक तीर्थमाया खत्वे, उपभोक्ता समितिका अध्यक्ष शिवनाथ चौधरी समेतका प्रतिवादीहरुलाई प्रस्तुत योजनाको प्रारम्भ देखि अन्तिम भुक्तानी सम्मको विभिन्न काममा जिम्मेवारी (Duty and Obligation) तोकिएको पाईन्छ। Public Authority बहन गर्न यी प्रतिवादीहरुले Public Trust Doctrine अनुसार पदको दुरुपयोग नगरी जनहित, पारदर्शिता र उत्तरदायीपूर्ण तरिकाले कार्य गर्नुपर्ने हुन्छ। योजनाको नापजाँच गर्दा लागत अनुमान र संझौता अनुसार गरिएको छ छैन सोको Cross Checking गरी अन्तिम भुक्तानी दिने दायित्व यि प्रतिवादीहरुमा रहेको देखिन्छ। Doctrine of Conspiracy को सिद्धान्त अनुसार प्रत्यक्ष प्राविधिक भूमिका नभएपनि भ्रष्टाचारजन्य कार्यमा योजना मिलेमतो गरी Failure to do one's duty of obligation पनि Corruption को सुक्ष्मरुपमा भएकोले उक्त योजनामा नापी कितावमा उल्लेख भए अनुसारको काम नभएको तथ्य पुष्टि भई रहेको अवस्थामा गलत निर्णयमा संलग्न रहेको यि प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला ने.का.प. २०७२ असार, अंक ३, नि.नं. ९३७४ मा प्रतिपादित सिद्धान्त समेतको आधारमा त्रुटीपूर्ण हुँदा बदरभागी छ। |